नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

अप्पर लोहोरे खोला हाईड्रोपावर कम्पनी लिमिटेड (ULHC) को साधारण शेयर सूचीकरण गरिएको

## सूचना

आज मिति २०८०/०६/०७ गते आईतबार नेपाल स्टक एक्सचेन्ज लिमिटेड र अप्पर लोहोरे खोला हाईड्रोपावर कम्पनी लिमिटेड (नेप्से सिम्बोल ULHC) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको ५०,९८,०४० कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष एनआईसी एशिया क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारण लगानीकर्ता शेयरधनीहरु (वैदेशिक रोजगारीमा रहेका नेपाली, सामूहिक लगानी कोष, स्थानीय बासिन्दाहरु र कर्मचारीहरु समेत) मा वितरण गरिएको २४,९८,०४० कित्ता (४९%) र कम्पनीका संस्थापक शेयरधनीहरुले लगानी गरेको २६,००,००० कित्ता (५१%) शेयर (धितोपत्र) समेत गरी जम्मा ५०,९८,०४० कित्ता (१००%) साधारण शेयर धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०८०/०६/०४ गतेको निर्णयानुसार यस स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च : मिति २०८०/०६/०७ मा नेपाल स्टक एक्सचेन्ज लिमिटेड र अप्पर लोहोरे खोला हाईड्रोपावर कम्पनी लिमिटेड बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेन्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं जिल्ला, नक्साल रहेको र सूचीकरण पश्चात् दिनुपर्ने RTS सेवा एनआईसी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाडौंबाट हुने छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

फोन नं.: ०१-४२५०७५५/५६/५८

नेपाल स्टक एक्सचेन्ज लिमिटेड काठमाडौं २०५०

मिति : २०८०/०६/०७